लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)

Ph:- 088-413171, 413181
Email:-ialdo.rukumeast@gmail.com
Website:-ialdorukumeast.lumbini.gov.np

प.सं.:-२०८३/०८४
च.नं.:-
सूचना नं:- ०१/कृषि/पशुपन्छी/२०८३/८४

ने.सं:- ११४६ कौलाथ्व द्वितीया

## कार्यक्रम सञ्चालनको लागी आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।।।

### (प्रथम पटक सूचना प्रकाशन भएको मिति:-२०८३/०६/२६ गते)

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुम (पूर्वी भाग) को चालु आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकहरुले सूचना प्रकाशित भएको मितिले २५ (पच्चिस) दिन भित्र (मिति २०८३/०७/१९ गते सम्म) कार्यालय समयमा तोकीएको ढाँचामा यस कार्यालय तथा सम्बन्धित स्थानीयतहको कृषि तथा पशुपन्छी विकास शाखामा तपसिलमा उल्लेखित कागजात सहित कार्यालयले निर्धारण गरेको ढाँचामा कार्यक्रम प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबै (कृषक समुह/कृषि सहकारी/कृषक उद्यमी/ कृषि फर्म /कम्पनी र जल उपभोक्ता समिति) को जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ । आवश्यक कार्यक्रमको प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न राख्नुपर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको वेबसाईट **ialdorukumeast.lumbini.gov.np** बाट प्राप्त गर्न सकिनेछ । साथै आवश्यक कागजात तथा प्रक्रिया नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु माथी प्रक्रिया अघि बढाउन कार्यालय बाध्य नहुने बेहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल:- (कृषि तर्फ)**

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने/अनुदान उपलब्ध गराउन सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| १ | सिँचाई सहित कृषि विकास कार्यक्रम । | • सोलार सिँचाई, थोपा सिंचाई, लिफ्ट सिंचाई, डेलिभरी पाईप, ड्रिप तथा स्प्रिङ्कलर लगाएतका सिँचाई सामाग्री खरिद ।<br>• सिँचाई कुलो/पोखरी, लिफ्ट सिंचाई निर्माण तथा सुधार । | • फर्म/कम्पनी/ कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने ।<br>• फर्म कम्पनीको हकमा न्यूनतम ५ रोपनी र सामुदायिकको हकमा २.५ हे. सिँचित क्षेत्र विस्तार गर्नुपर्ने ।<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिइने ।<br>• लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिइने । | स्वीकृत कार्यविधि बमोजिम हुने । |
| २ | संरक्षित संरचनाभित्र तरकारी खेतीका लागी प्लाष्टिक विवरण कार्यक्रम । | • टनेलभित्र तरकारी खेतीका लागी प्लाष्टिक खरिद तथा वितरण । | • कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी हुनुपर्ने ।<br>• खरिद गरिने प्लाष्टिक कम्तिमा ९० जि.एस.एमको हुनुपर्ने ।<br>• प्लाष्टिक बाहेकको संरचना बनाएको हुनुपर्ने । | स्वीकृत कार्यविधि बमोजिम हुने । |
| ३ | मागमा आधारित कृषि विकास कार्यक्रम । | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीले माग गरेका बालीवस्तुको उत्पादन/प्रशोधन/बजारीकरणसँग सम्बन्धित कार्यक्रमहरु ।<br>• उत्पादन/प्रशोधन/बजारिकरण सँग सम्बन्धित यन्त्र उपकरण तथा अन्य आवश्यक सामाग्री । | • फर्म/कम्पनी/ कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने ।<br>• समान प्रकृतिको कार्यक्रममा दोहोरो अनुदान नलिएको सुनिश्चित गर्नुपर्ने ।<br>• कृषि उत्पादन, प्रशोधन तथा बजारिकरण सँग सम्बन्धित कार्यक्रम संचालन गर्नुपर्ने । | स्वीकृत कार्यविधि बमोजिम हुने । |
| ४ | युवा लक्षित कृषि उत्पादन /उद्यमशिलता कार्यक्रम । | कृषि मुल्य श्रृंखला विकासका क्रियाकलापहरु तथा नवप्रवर्द्धन योजना र कृषिसँग सम्बन्धित सिपको उपयोग योजना तथा कृयाकलापहरु । | • १८ बर्ष देखी ४० वर्षका युवा सहभागी हुन सक्ने ।<br>• कृषि मुल्य श्रंखला विकास नवप्रवर्द्धन योजना/कृषिसँग सम्बन्धित सीपको उपयोग सम्बन्धी प्रस्ताव पेस गर्नुपर्ने । | स्वीकृत कार्यविधि बमोजिम हुने । |
| ५ | महको प्रशोधन तथा प्याकेजिङ्गमा यन्त्र उपकरण तथा सामाग्री सहयोग । | • मह प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित यन्त्र उपकरण तथा सामाग्रीहरु खरिद । | • फर्म/कम्पनी/ कृषक समूह/कृषि सहकारी सहभागी हुन सक्ने ।<br>• मौरी सहितको कम्तिमा २० घार मौरीपालन गरेको हुनुपर्ने । | स्वीकृत कार्यविधि बमोजिम हुने । |

२०८३/०६/२६

धर्म बहादुर बस्नेत
कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)

Ph:- 088-413171, 413181
Email:-ialdo.rukumeast@gmail.com
Website:-ialdorukumeast.lumbini.gov.np

प.सं.:-२०८३/०८४
च.नं.:-
सूचना नं:- ०१/कृषि/पशुपन्छी/२०८३/८४

ने.सं:- ११४६ कौलाथ्व द्वितीया

| क्र. सं. | कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने/अनुदान उपलब्ध गराउन सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| ६ | रैथाने बाली तथा स्थानीय जातका बालीवस्तु प्रवर्द्धन कार्यक्रम। | • खाद्यान्न, दलहन, तलहन, फलफूल, आलु, तरकारी मसलाजन्य रैथाने तथा स्थानीय जातका बालीको उत्पादन, सङ्कलनका आवश्यक क्रियाकलाप, प्रशोधन तथा बजारीकरणका सामाग्री तथा उपकरण (सिँचाई मोटर, पम्पसेट, मिनिटिलर र पावर टिलर बाहेक)। | • उत्पादन, संकलन, प्रशोधन, बजारीकरण लगाएतका मूल्य शृङ्खला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी हुनुपर्ने। | स्वीकृत कार्यविधि बमोजिम हुने। |
| ७ | सहकारी मार्फत कृषि प्रवर्द्धन कार्यक्रम | • सहकारी संघ/संस्था मार्फत कृषि/ पशुपन्छी जन्य उत्पादन, प्रशोधन, बजारिकरणसंग सम्बन्धित प्रविधिमा आधारित मेसिन,औजार उपकरण, सामाग्री सहयोग। | • सहकारी संघ/संस्थाहरुले कार्ययोजना सहित प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने,<br>• दर्ता भएको मितिले २ वर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ/संस्थाहरु हुनुपर्ने।<br>• कम्तिमा २ लाख सम्मको लागत प्रस्ताव पेश गर्नुपर्ने।<br>• कानूनी रुपमा समस्या नभएका वा कालो सूचीमा नरहेको सहकारी संघ/संस्था हुनुपर्ने। | स्वीकृत कार्यविधि बमोजिम हुने। |
| ८ | बालीबस्तु विशेष सघन व्यावसायीक उत्पादन क्षेत्र विकास कार्यक्रम। | • बीउ/बिरुवा Hail net लगायत अन्य उत्पादन सामग्री सहयोग,<br>• क्षमता अभिवृद्धि.<br>• प्रयोगशाला सेवा, बाली संरक्षण र प्राविधिक सेवा, प्रशोधन तथा बजारीकरण सहजीकरण,<br>• फलफूल बालीको हकमा खाडल तयारी।<br>• तरकारी बालीको हकमा प्लाष्टिक टनेल निर्माण। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी सहभागी हुन सक्ने,<br>• देहाय बमोजिमको मापदण्ड अनुसार **Cluster Approach**मा क्षेत्रफल विस्तार गर्नुपर्ने।<br>क्र.सं. / बाली / न्यूनतम क्षेत्रफल / अधिकतम अनुदान<br>१ / मकै / ५ हे. / स्वीकृत कार्यविधि बमोजिम।<br>२ / मुसुरो / ५ हे.<br>३ / तरकारी / १ हे.<br>४ / बर्षे आलु / १ हे.<br>५ / सुन्तलाजात फलफूल / १ हे.<br>१ / स्याउ / १ हे. | स्वीकृत कार्यविधि बमोजिम हुने। |
| **(पशुपन्छी तर्फ:)** | | | | |
| ९ | लक्षित वर्ग विशेष आय आर्जन कार्यक्रम (पशुपन्छी तर्फ) | • उत्पादन, प्रशोधन तथा बजारिकरण सम्बन्धी कार्यक्रम सञ्चालनु गर्नुपर्ने।<br>• आवश्यक पूर्वधार निर्माण, मर्मत सुधार।<br>• उत्पादन सामाग्री खोप, औषधी,तालिम तथा सचेतना कार्यक्रम संचालन गर्न सकिने। | • कम्तिमा २० घरधुरी समेटिएको हुनुपर्ने।<br>• लक्षित वर्ग विशेष आर्थीक रुपमा विपन्न मुक्त कमैया/भूमिहीन/बादी/माझी/कुमाल/सोनहा/दलित/राजी/चमार/डोम/महिला/जनजाती/शहीद तथा वेपत्ता परिवार/घाइते तथा अपाङ्ग परिवार लगायत सिमान्तकृत वर्ग हुनुपर्ने। | स्वीकृत कार्यविधि बमोजिम हुने। |
| १० | महिला बालबालिका लक्षित पोषण सुधार कार्यक्रम | • पोषण आहार व्यवस्थापन, खोप र उपचार<br>• ६ हप्ते स्थानीय तथा ग्रामीण कुखुराका चल्ला वितरण।<br>• तालिम, दाना/पानी भाँडा र परजीवि नियन्त्रण सम्बन्धी क्रियाकलापहरु। | • कम्तिमा २० घरधुरी समेटिएको हुनुपर्ने।<br>• प्रति कार्यक्रम ६ हप्ते ६०० वटा कुखुराको चल्ला वितरण गर्नुपर्ने।<br>• चल्ला खरिद गर्दा अनिवार्य रुपमा सरकारी स्रोत केन्द्र (कुखुरा विकास केन्द्र, खजुरा) मार्फत खरिद गरिनुपर्ने। | स्वीकृत कार्यविधि बमोजिम हुने। |

धन बहादुर बस्नेत
कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)

Ph:- 088-413171, 413181
Email:-ialdo.rukumeast@gmail.com
Website:-ialdorukumeast.lumbini.gov.np

प.सं.:-२०८३/०८४
च.नं.:-
सूचना नं:- ०१/कृषि/पशुपन्छी/२०८३/८४

ने.सं.:- ११४६ कौलाथ्व द्वितीया

| क्र. सं. | कार्यक्रमको नाम | सञ्चालन गर्न सकिने/अनुदान उपलब्ध गराउन सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| ११ | मागमा आधारित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम (पशुपन्छी तर्फ) | • पशुपन्छीजन्य पदार्थको उत्पादन, उत्पादकत्व बृद्धी, बजारीकरणमा टेवा पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने । | तपशिल बमोजिमको न्यूनतम् मापदण्ड पुरा गरेको हुनुपर्ने | | स्वीकृत कार्यविधि बमोजिम हुने । |
| | | | पशु/वस्तु | न्यूनतम संख्या | |
| | | | भेडा माउ | १५ | |
| | | | बाख्रा माउ | १० | |
| | | | गाइ माउ | ३ | |
| | | | भैंसी माउ | २ | |
| | | | बंगुर माउ | १० | |
| | | | पाडा/पाडी | १० | |
| | | | ग्रामिण कुखुरा/हाँस | ३०० | |
| | | | दुध संकलन विविधिकरण (दैनिक लि.) | २०० | |
| | | | माछा/मासु विक्रि (दैनिक के.जी.) | २५ | |

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:-**

१. प्रस्तावकको निवेदन (तोकिएको ढाँचा बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनौट भएमा सम्झौता पूर्व पेश गर्नुपर्ने)।
५. कार्यक्रम सञ्चालनको लागी संक्षिप्त व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव कार्यक्रमको प्रकृति अनुसार तोकिएको ढाँचामा।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (संस्था/समूह/सहकारीको हकमा)।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (१० वर्षको कृषक र जग्गाधनी बीच सम्बन्धित स्थानीय तहको रोहवरमा भएको करार सम्झौता)।
१०. जग्गाको कर (तिरो) तिरेको रसिदको प्रतिलिपी।

**पुनश्चः माथी उल्लेखित कार्यक्रमहरु लुम्बिनी प्रदेश सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि स्वीकृत भए बमोजिम सञ्चालन हुनेछ। साथै आवेदन तथा प्रस्ताव भर्न नजानेका कृषक, कृषक समुह तथा सहकारीलाई यस कार्यालयको नागरिक साहायता कक्षमा रहेका कर्मचारीबाट सहजिकरण हुनेछ।**

**नोटः- व्यावसायिक योजना तथा आवेदनका नमूना फर्मेटहरु कार्यालयको वेवसाइट ialdorukumeast.lumbini.gov.np बाट डाउलोड गर्न सकिनेछ। अथवा नजिकको स्थानीय तह कृषि तथा पशुपन्छी विकास शाखाबाट प्राप्त गर्न सकिनेछ।**

**थप जानकारीको लागी:-**

**फोन नं:- ०८८-४१३१७१, वा ९८५७८४५४५८ (कार्यालय प्रमुख), ९८६२६३२५०२ (सूचना अधिकारी), ९७४८७१२०२९ (कृषि विकास शाखा),९८६२६३२५०२ (पशुपन्छी विकाश शाखा) मा सम्पर्क गर्न सकिने छ।**

**थल बहादुर बस्नेत**
**कार्यालय प्रमुख**